नेपाल सरकार
# गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.: ०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्याः- शा.सु.०७६/०७७/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-१८२३

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०७६/०८/१०

विषयः- सवारी आवागमन व्यवस्थापन योजना सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, पाँचथर/भोजपुर/मोरङ/सुनसरी/संखुवासभा/खोटाङ/सप्तरी/सिरहा/महोत्तरी/सर्लाही/रौतहट/बारा/पर्सा/रामेछाप/सिन्धुपाल्चोक/काभ्रेपलाञ्चोक/काठमाण्डौं/भक्तपुर/चितवन/लम्जुङ्ग/कास्की/बाग्लुङ्ग/नवलपरासी (बर्दघाट सुस्ता पूर्व)/गुल्मी/कपिलबस्तु/अर्घाखाँची/प्यूठान/रोल्पा/दाङ्ग/बाँके/सल्यान/हुम्ला/बाजुरा/अछाम/डोटी/कन्चनपुर/बैतडी ।

२०७६ मंसिर १४ गते हुने प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका सदस्यहरुको उपनिर्वाचन हुने निर्वाचन क्षेत्रमा निर्वाचनको दिन सवारी पास सम्बन्धी यस मन्त्रालयको च.नं. १७०२, मिति २०७६/०८/०८ को पत्र पठाइएकोमा निर्वाचन आयोग, नेपालको यो.अ.वै.स/२०७६/७७/५९, मिति २०७६/०८/०९ को पत्रसाथ प्राप्त हुन आएको प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका सदस्यको उपनिर्वाचन २०७६, सवारी आवागमन व्यवस्थापन योजना यसैसाथ संलग्न राखी पठाइएको छ । व्यहोरा अध्ययन गर्नुभई सोही वमोजिम व्यवस्थापन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७६।०८।१०
(जयराज भण्डारी)
शाखा अधिकृत

बोधार्थः-
श्री निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाण्डौं

अनुसूची-१

## प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका सदस्यको उपनिर्वाचन, २०७६
## सवारी आवागमन व्यवस्थापन योजना

(१) संवत् २०७६ साल मङ्सिर १४ गते सम्पन्न हुने प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका सदस्यको लागि उपनिर्वाचन हुने निर्वाचन क्षेत्रमा मतदान हुने दिन बिहान ५:०० बजेदेखि साँझ ७:०० बजेसम्म सवारी पास अनुमति पत्र प्राप्त गरेका बाहेक अन्य सवारी साधन सञ्चालनमा रोक लगाउने ।

(२) देहायमा उल्लिखित संस्थाहरूलाई मतदानको दिनको सवारी अनुमति पत्र निर्वाचन आयोगबाट जारी गर्ने :-

| क्र.सं. | संस्था | सवारी साधनको संख्या | कैफियत |
|---|---|---|---|
| १. | राष्ट्रिय मानव अधिकार आयोग | माग अनुसार | उपत्यका भित्र |
| २. | संवैधानिक निकाय | माग अनुसार | उपत्यका भित्र |
| ३. | कुटनीतिक नियोगका अवलोकनकर्ता | माग अनुसार | उपत्यका भित्र/बाहिर |
| ४. | संयुक्त राष्ट्र संघीय नियोगहरू | माग अनुसार | उपत्यका भित्र/बाहिर |
| ५. | निर्वाचन आयोग, नेपालका विकास साझेदार संस्था (UNDP/ESP, IFES, International IDEA) | प्रत्येक संस्थालाई बढीमा २ वटा मोटरसाइकल वा २ वटा हलुका सवारी साधन | उपत्यका भित्र/बाहिर |

(३) देहायमा उल्लिखित व्यक्ति/संस्थाहरूलाई मतदानको दिनको सवारी अनुमति पत्र सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गर्ने :-

| क्र.सं. | व्यक्ति/संस्था | सिफारिस गर्ने निकाय | सवारी साधनको संख्या |
|---|---|---|---|
| १. | प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहको सदस्य पदका उम्मेदवार | सम्बन्धित निर्वाचन क्षेत्रको मुख्य/निर्वाचन अधिकृत | प्रति उम्मेदवार एउटा मोटरसाइकल वा एउटा हलुका सवारी साधन |
| २. | सुरक्षाकर्मी | - | आवश्यकता अनुसार |
| ३. | राष्ट्रिय पर्यवेक्षक | निर्वाचन आयोग, नेपाल | (क) उपत्यका भित्रको लागि प्रत्येक संस्थाको निम्ति बढीमा ३ वटा मोटरसाइकल र २ वटा हलुका सवारी साधन<br>(ख) हिमाली जिल्लाका लागि प्रत्येक संस्थाको निम्ति एउटा |

| क.सं. | व्यक्ति/संस्था | सिफारिस गर्ने निकाय | सवारी साधनको संख्या |
|---|---|---|---|
| | | | मोटरसाइकल र एउटा हलुका सवारी साधन<br>(ग) पहाडी जिल्लाको लागि प्रत्येक संस्थाको निम्ति २ वटा मोटरसाइकल र २ वटा हलुका सवारी साधन |
| ४. | राष्ट्रिय मानव अधिकार आयोग एवम् अन्य संवैधानिक निकायबाट उपत्यका बाहिर अनुगमन गर्ने हकमा | सम्बन्धित निर्वाचन क्षेत्रको मुख्य/निर्वाचन अधिकृतको कार्यालय | माग अनुसार |
| ५. | मुख्य/निर्वाचन अधिकृतको कार्यालय | सम्बन्धित कार्यालय | |
| ६. | राष्ट्रिय समाचार समिति | | माग अनुसार |
| ७. | प्रेस काउन्सिल नेपाल | | माग अनुसार<br>बढीमा २ वटा मोटरसाइक वा २ वटा हलुका सवारी साधन |
| ८. | राष्ट्रिय सञ्चार संस्था/माध्यम | | |
| | (क) टेलिभिजन/टेलिभिजन प्रसारण संस्था, | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रत्येक संस्थालाई २ वटा मोटरसाइकल वा एउटा हलुका सवारी साधन |
| | (ख) दैनिक पत्रिका, साप्ताहिक पत्रिका, Broad Sheet का दैनिक पत्रिका, रेडियो/एफ.एम. | सूचना विभाग | प्रत्येक संस्थालाई २ वटा मोटरसाइकल वा एउटा हलुका सवारी साधन |
| | (ग) अनलाइन समाचार र फोटो पत्रकार | | प्रत्येकलाई बढीमा एउटा मोटरसाइकल वा एउटा हलुका सवारी साधन |
| ९. | उपत्यका बाहिरका सञ्चार माध्यम | सूचना विभागले तोकेको स्थानीय सञ्चार गृह वा जिल्लास्थित पत्रकार महासंघको कार्यालय | प्रत्येक संस्थालाई एउटा मोटरसाइकल वा एउटा हलुका सवारी साधन |
| १०. | अन्तर्राष्ट्रिय संचार माध्यम | सूचना विभाग | आवश्यकता अनुसार |
| ११. | उपत्यका बाहिरका सञ्चार माध्यम | सूचना विभागले तोकेको स्थानीय सञ्चार गृह वा जिल्लास्थित पत्राकार महासंघको कार्यालय | प्रत्येक संस्थालाई एउटा गाडी वा मोटरसाइकल |
| १२. | कुटनीतिक नियोगका नियमित कार्यालय प्रयोजनका लागि सञ्चालन हुने सवारी साधन | परराष्ट्र मन्त्रालय | माग अनुसार |
| १३. | नागरिक उड्डयनसँग सम्बन्धित कार्यालयहरूको प्रयोजनको लागि | नागरिक उड्डयन प्राधिकरण | माग अनुसार |
| १४. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय प्रयोजन | अध्यागमन विभाग | माग अनुसार |

| क्र.सं. | व्यक्ति/संस्था | सिफारिस गर्ने निकाय | सवारी साधनको संख्या |
|---|---|---|---|
| १५. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारसँग सम्बन्धित कार्यालयको प्रयोजनको लागि | भन्सार विभाग | माग अनुसार |
| १६. | पर्यटक (विमानस्थल-होटल विमानस्थल) | नेपाल पर्यटन बोर्ड | माग अनुसार |
| १७. | जिल्ला निर्वाचन कार्यालय | सम्बन्धित जिल्ला निर्वाचन कार्यालय | माग अनुसार |

(४) **मतदानको दिनको सवारी अनुमति पत्र जारी गर्ने सम्बन्धमा अन्य विषयमा देहाय बमोजिम गर्ने :-**

(क) मानवीय उद्धार एवं सहायतामा प्रयोग गरिने सवारी साधनको हकमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अनुमति लिई प्रयोग गर्न सकिने,

(ख) कामको प्रकृति हेरी सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट एउटा जिल्ला भन्दा बढी जिल्लाका लागि पनि सवारी पास जारी गर्न सकिने,

(ग) उपनिर्वाचन हुने क्षेत्र भएर एउटा वडाबाट अर्को वडामा वा एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा वा एउटा जिल्लाबाट अर्को जिल्लामा आवत जावत गर्ने सरकारी, निजी तथा भाडाका सवारी साधनले उपनिर्वाचन हुने क्षेत्रमा पर्ने कुनै पनि स्थानमा सवारी साधन रोक्न, यात्रु चढाउन वा ओराल्न नपाउने गरी आवत जावत गर्न दिने व्यवस्था सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले मिलाउने,

(घ) विवाह, व्रतवन्ध जस्ता सामाजिक कार्यमा सवारी साधनको प्रयोग गर्नपर्ने भएमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले जाँचवुझ गरी सवारी सञ्चालन पास दिने आवश्यक व्यवस्था मिलाउन सक्ने,

(ङ) संस्थाले आफ्नो संस्थाको आधिकारिक पत्रमा सवारी नं., सवारीको किसिम, सवारी प्रयोगकर्ता/संस्था वा व्यक्तिको नाम र उक्त सवारीमा यात्रा गर्ने यात्रु संख्या, सवारी प्रयोग हुने जिल्ला (काठमाडौं उपत्यका बाहेक) र सवारी चालकको नाम (लाइसेन्स नम्बर सहित) उल्लेख गरी सम्बन्धित निकायको सिफारिस सहित प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका सदस्यको उपनिर्वाचनका लागि मिति २०७६/०८/१२ सम्ममा निर्वाचन आयोग वा सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिई सक्नु पर्नेछ ।

(५) अत्यावश्यक सेवा (एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दमकल, दुरसञ्चार सेवा, शव वाहन, अस्पताल सेवा तथा विद्युत सेवाको हकमा सवारी अनुमतिपत्र लिइरहनु नपर्ने ।

अनुसूची-२

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका सदस्यको उपनिर्वाचन

२०७६ मङ्सिर १४ गते शनिबार

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. अनुमतिपत्र दर्ता नम्बर :....................................................................

२. सवारी साधनको किसिम र नम्बर :........................................................

३. सवारी प्रयोगकर्ता संस्था/व्यक्ति : ....................................................

४. सवारीमा यात्रा गर्नेको सङ्ख्या : .......................................................

५. सवारी चलाउन अनुमति प्राप्त जिल्ला : ..............................................

६. सवारी चालकको नाम/लाइसेन्स नम्बर : ............................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति : .........................................

दस्तखत :..............................................................................................

नाम : ...................................................................................................

पद :.......................................... कार्यालयको छाप : ........................

*नोट :*

- *यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरूले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।*
- *सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।*
- *सवारी साधन मतदाता ओसार पसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।*
- *सवारी साधनलाई मतदान केन्द्र भित्र प्रवेश अनुमति हुने छैन ।*
- *सवारी साधनमा असम्बन्धित व्यक्तिहरू राखेको पाइएमा वा सवारी साधनको दुरूपयोग भएको पाइएमा सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ ।*

अनुसूची-३

नेपाल सरकार

गृह मन्त्रालय

प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका सदस्यको उपनिर्वाचन

२०७६ मङ्सिर १४ गते शनिबार

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. अनुमति पत्र दर्ता नम्बर :..............................................................................

२. सवारी साधनको किसिम र नम्बर :...........................................................

३. सवारी प्रयोगकर्ता संस्था/व्यक्ति : ..........................................................

४. सवारीमा यात्रा गर्नेको सङ्ख्या : ...............................................................

५. सवारी चलाउन अनुमति प्राप्त जिल्ला : ......................................................

६. सवारी चालकको नाम/लाइसेन्स नम्बर : ...................................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति : ................................................

दस्तखत :.......................................................................................................

नाम : ..............................................................................................................

पद :........................................... कार्यालयको छाप : .......................

*नोट :*

- *यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरूले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।*
- *सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।*
- *सवारी साधन मतदाता ओसार पसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।*
- *सवारी साधनलाई मतदान केन्द्र भित्र प्रवेश अनुमति हुने छैन ।*
- *सवारी साधनमा असम्बन्धित व्यक्तिहरू राखेको पाइएमा वा सवारी साधनको दुरूपयोग भएको पाइएमा सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ ।*